

# चिराइतो

# खेती

## १. परिचय

चिराइतो महत्वपूर्ण औषधीयुक्त वनस्पति हो । यो प्रजाति करीब आधा मिटर देखि १.५ मिटरसम्म अग्लो हुने र २ वर्षसम्म बाँचिरहने विरुवा हो । हरेक आँख्लाको दुवैतिर पात र हाँगा पलाएको हुन्छन् । एउटै फूलमा भाले तथा पोथी दुवै अंग पाइन्छन् । नेपालमा चिराइतो हिमाली र पहाडतिर समुन्द्री सतहबाट १२०० देखि ३००० मिटर सम्मको भेगमा पाइन्छ । यसको लागि साधारणतया २००० मिटर उचाई उपयुक्त मानिन्छ । पूर्व र पश्चिम फर्केका पाखाहरुमा राम्रो हुन्छ ।

## २. प्रयोग

स्वादमा ज्यादै तीतो हुने यो विरुवामा पाइने मुख्य तर्त्वचिरेटीन' हो । चिराइतोको सम्पूर्ण भागलाई उपयोगी मानिन्छ । यो जडीबुटी विभिन्न प्रकारका रोगहरु निको पार्न प्रयोग गरिन्छ । आयुर्वेदिक पद्दति अनुसार यसलाई ज्वरो, रुघाखोकी, घाउखटिरा, स्वाद र रुचि बढाउने आदि रोगहरुमा  उपयोग गरिन्छ ।

## ३. माटो (माटोको स्केच र त्यस माथी जानकारी)

प्राङ्गारिक पदार्थ प्रशस्त भएको माटो राम्रो हुन्छ । ४.७ देखि ५.५ सम्म माटोको अम्लीपना भएको ठाउँमा राम्रोसंग सप्रिन्छ ।

## ४. जातहरू

हालसम्म नेपालमा चिराइतोको कुनै जात सिफारिस गरिएको छैन । ठाउँ र उचाई अनुसार यसका विभिन्न स्थानिय जंगली जातहरु पाइन्छन ।

## ५. प्रसारण विधि

चिराइतोको खेती बीउबाट गरिन्छ । यसको बीउ ज्यादै मसिनो र हावाले उडाउन सक्ने हुनाले ब्याडमा बीउ छर्नु अघि एक भाग बीउमा करीब १० भाग जति बालुवा मिसाएर छर्नुपर्दछ । बीउ छर्दा ४ देखि ५ इन्चको लाइनमा राम्रो हुन्छ ।

यसरी राखेको बीउबाट २०-२५ दिन भित्र बेर्नाहरु उम्रन थाल्दछन् । कार्तिक र मंसिरमा संकलन गरेको बीउ राम्रो सँग सफा गरेमा ९० प्रतिशतसम्म अंकुरण हुन्छ । भण्डारण गरेको बीउको उमार शक्ति २-३ महिनापछि घट्दै जान्छ ।



क




ख

बिऊ वाहेक अन्य भाग बाट पनि बेर्ना उत्पादन गर्न सकिन्छ । पातबाट चिराइतोको प्रसारण गर्दा एक वर्षे बिरुवाबाट २५% सम्म विरुवा उत्पादन गर्न सकिन्छ । काण्डबाट प्रसारण गर्दा २५-४०% बिरुवा उत्पादन गर्दा कटिङ्ग लाई रुटेक्स हर्मोनमा डुबाएर बालुवामा घुसार्नु पर्दछ । यस्तो टुक्राबाट १५ दिनभित्रै जरा पलाउन थाल्दछन । यसरी तयार भएको बेर्नालाई चिराइतोको खेती गर्न तयार पारेएको जमिनमा सार्नु पर्दछ ।

## ६. जमिन तयारी र बेर्ना सार्ने

बेर्नाहरु करिब ६ देखि ८ इन्च अग्ला भएपछि खनजोत गरी तयार गरेको जग्गामा विरुवा देखि विरुवा बीचको दूरी एक हात र ड्याङ्गहरु बीचको दूरी डेढ देखि दुई हात फरक पारी बर्षाको समयमा सार्नुपर्दछ । यसरी विरुवाहरु सारेको ठाउँमा पानीको निकासको राम्रो ब्यवस्था हुनु अति आवश्यक छ ।



## ७. संकलन तथा भण्डारण

चिराइतोको विरुवा उम्रेको पहिलो बर्षमा गाँज हाल्ने र दोस्रो बर्षमा मात्र विरुवामा डाँठ हाली फूल तथा बीउ लाग्ने गर्दछ। तसर्थ बीउ तथा वाली संकलन पनि विरुवा उम्रिएको दोस्रो बर्षमा गरिन्छ। संकलन गर्दा विरुवाहरु पुरै उखेल्ने गरिन्छ। उखेल्ने काम सकिएपछि ५-७ दिनसम्म घाममा सुकाउनु पर्छ । यसका बीउहरु ज्यादै मसिनो हुने हुनाले सुकाउँदा कपडा वा पोलिथिन ब्यागमा सुकाउनु उपयुक्त हुन्छ। ताकि बीउ संकलन समेत सजिलै गर्न सकियोस ।

## ८. बजार ब्यवस्था र वित्तीय विश्लेषण

चिराइतोको बजार माग निकै राम्रो पाइएको छ। यसको बजार मूल्य प्रति किलो ग्राम २५०-३०० रुपैया सम्म पर्दछ। हाल नेपालका ४० जिल्लाबाट चिराइतो सङ्कलन भइरहेको छ। तर पूर्वाञ्चल क्षेत्रबाटै चिराइतोको ८०% भन्दा बढी परिमाण उत्पादन हुन्छ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट WWF care FECOFUN NTNC

**डब्लुडब्लुएफ नेपाल**
पोष्ट बक्स नम्बर ७६६०, बालुवाटार, काठमाडौं, नेपाल
फोन: +९७७ १ ४४३८२०, फ्याक्स: +९७७ १ ४४३८४५८
इमेल: hariyobanprogram@wwfnepal.org, info@wwfnepal.org
वेभसाइट: wwfnepal.org/hariyobanprogram

*"यो ब्रोसर अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो। यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन।"*